# आर्थिक वर्ष २०८३/०८४ को
# वार्षिक नीति, कार्यक्रम तथा बजेट

२०८३ असार १० गते

मकवानपुरगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मकाझुली, मकवानपुर

बागमती प्रदेश, नेपाल

# मकवानपुरगढी गाउँपालिका, चौधौं गाउँ सभाको, प्रथम बैठकमा प्रस्तुत
# स्थानीय सरकारको नीति, कार्यक्रम तथा बजेट
## २०८३/०३/१०

आदारणीय सभाध्यक्ष ज्यू

गाउँसभाका सदस्यज्यूहरु,

गाउँपालिकाका कर्मचारीहरु, पत्रकारज्यूहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विधायिकी, कार्यपालिका र न्यायिक अधिकारको संस्थागत अभ्यासलाई सुदृढ बनाउने जिम्मेवारीसहित मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति,कार्यक्रम तथा बजेट यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

यस ऐतिहासिक अवसरमा लोकतन्त्र,गणतन्त्र सामाजिक न्यायँ र समृद्ध नेपालको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै राष्ट्रियता ,लोकतन्त्र,सामाजिक रुपान्तरण र जनजीविकाको पक्षमा योगदान पुराउनुहने सम्पूर्ण अग्रज व्यक्तित्वहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो। जनताका आवश्यकता, अपेक्षा र आकांक्षालाई प्रत्यक्ष सम्बोधन गर्दै सुशासन, विकास र समृद्धिको आधार निर्माण गर्ने महत्वपूर्ण दायित्व हामीमाथि रहेको छ। विगत चार वर्षको अनुभव, उपलब्धि र सिकाईलाई आत्मसाथ गर्दै आगामी पुस्ताले गर्व गर्न सक्ने समृद्ध, आत्मनिर्भर, सुशासित र समावेशी मकवानपुरगढी निर्माणको लक्ष्यसहित यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको हो।

हामीले पूर्वाधार विकाससँगै शिक्षा, स्वास्थ्य, कृषि. पशुपालन, पर्यटन, उद्यमशीलता, रोजगारी, सामाजिक न्याय, वातावरण संरक्षण तथा मानव विकासलाई समान महत्व दिएका छौं। अबको हाम्रो प्राथमिकता केवल संरचना निर्माण होइन, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने, उत्पादन र उत्पादकत्व बढाउने, युवालाई अवसर सिर्जना गर्ने तथा स्थानीय स्रोत, सीप र सम्भावनालाई समृद्धिको आधार बनाउनेतर्फ केन्द्रित रहनेछ।

नेपाल सरकार, बागमती प्रदेश सरकार, दिगो विकास लक्ष्य तथा गाउँसभाबाट पारित नीति, ऐन, नियम र कार्यविधिको मार्गदर्शनमा तयार गरिएको यो नीति तथा कार्यक्रमले "समृद्ध मकवानपुरगढी, सुखी नागरिक "को साझा संकल्पलाई व्यवहारमा रूपान्तरण गर्ने विश्वास लिएको छ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तथा यससँग सम्बन्धित आय-व्यय प्रस्तावमाथि यहाँहरूको रचनात्मक सुझाव, सहकार्य र समर्थन प्राप्त भई सर्वसम्मत रूपमा अनुमोदन हुने अपेक्षासहित मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति ,कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आदारणीय सभाध्यक्ष ज्यू**

...का सदस्यज्यूहरु,

...हाँहरु समक्ष आ.व. २०८३/०८४ का लागि विषयगत क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति ...न्छु ।

समृद्ध, समावेशी र आत्मनिर्भर मकवानपुरगढी निर्माण हाम्रो प्रमुख लक्ष्य हुनेछ। कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार, सुशासन र वातावरणीय सन्तुलनलाई विकासका सात आधारस्तम्भका रूपमा अघि बढाइनेछ।

२. कृषि क्षेत्रलाई उत्पादनमुखी मात्र नभई बजारमुखी बनाइने छ। रैथाने बाली संरक्षण, जैविक खेती, स्मार्ट कृषि, सिंचाइ विस्तार, किसान परिचयपत्र तथा उत्पादनमा आधारित प्रोत्साहनलाई संस्थागत गरिनेछ। प्रत्येक वडामा कृषि प्राविधिक पहुँच विस्तार गरी किसानलाई प्रत्यक्ष सेवा उपलब्ध गराइनेछ।

३. पशुपालनलाई आधुनिक प्रविधिसँग जोड्दै दुग्ध, मासु तथा पशुजन्य उत्पादनको मूल्य श्रृखला विकास गरिनेछ। पशु बीमा, खोप, कृत्रिम गर्भाधान, घाँस उत्पादन तथा साइलेज उद्योग साझेदारीमा स्थापना गरि प्रभावकारी रुपमा संचालन गरिनेछ ।

४. सहकारीलाई उत्पादन, रोजगारी र उद्यमशीलताको आधारका रूपमा विकास गरिनेछ। सहकारीको डिजिटल अभिलेख, पारदर्शिता र वित्तीय अनुशासनमा विशेष जोड दिइनेछ।

५. युवालाई वैदेशिक रोजगारीको विकल्प दिने उद्देश्यले सीप विकास, स्टार्टअप प्रोत्साहन, स्वरोजगार तथा उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय स्रोतमा आधारित घरेलु तथा साना उद्योगलाई प्राथमिकता दिइनेछ।

६. पर्यटन क्षेत्रलाई स्थानीय अर्थतन्त्रसँग जोड्दै मकवानपुरगढी दरबार,ऋखेश्वर गुफा,संस्थागत गुम्वा वडा ७, ढुङगेगढी, मनकामना क्षेत्र, छत्रेलेक पाथिभरा मन्दिर,हेलिग्राफ विपिपार्क धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरिनेछ। होमस्टे, कृषि पर्यटन र सांस्कृतिक पर्यटनलाई एकीकृत रूपमा विकास गरिनेछ।

७. शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री र जीवनोपयोगी बनाइनेछ। विद्यालयमा डिजिटल सिकाइ, करियर मार्गदर्शन, अतिरिक्त कक्षा, छात्रवृत्ति तथा 'पढ्दै कमाउँदै' कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

८. जन्मेदेखि ५ बर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई तोकिएको समयमा लगाउनुपर्ने सबै खोपहरु समयमा नै पूरा गरि पूर्णखोप सुनिश्चितता र दिगोपना कार्यलाई निरन्तरता दिइने छ।

९. स्वास्थ्य क्षेत्रमा आधारभूत अस्पताल सुदृढीकरण, प्रयोगशाला सेवा विस्तार, पूर्ण खोप, प्रशामक सेवा, मातृ तथा शिशु स्वास्थ्य, ज्येष्ठ नागरिक सेवा, मानसिक स्वास्थ्य तथा नसर्ने रोग नियन्त्रण कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१०. खानेपानी तथा सरसफाइलाई मानव अधिकारका रूपमा स्थापित गर्दै सुरक्षित खानेपानी, एक घर एक धारा, फोहोर व्यवस्थापन र स्वच्छता अभियान सञ्चालन गरिनेछ।यस गाउँपालिकामा खानेपानी वोर्ड गठन गरि गाउपालिका भित्र रहेका खानेपानी उपभोक्ता समितिलाइ सो बोर्डमा आवद्ध गराइ नियमित खानेपानी वितरणको व्यवस्था गर्ने निति लिइनेछ ।

११. भाषा, कला, संस्कृति तथा स्थानीय पहिचानको संरक्षण गर्दै तामाङ संस्कृति, लोकवाजा, परम्परागत ज्ञान र स्थानीय पर्वहरूको प्रवर्द्धन गरिनेछ ।

१२. खेलकुदलाई स्वास्थ्य, अनुशासन र नेतृत्व विकासको माध्यमका रूपमा अघि बढाइनेछ। गाउँपालिका स्तरीय प्रतियोगिता, खेल मैदान तथा खेल पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ।

हेला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकको सम्मानजनक सहभागिता सुनिश्चित गर्दै लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. सडक, पुल, सिंचाइ, भवन तथा विद्युतीकरणलाई योजनाबद्ध ढंगले विस्तार गरिनेछ। 'एक वडा–एक गौरव योजना' अवधारणालाई परिणाममुखी रूपमा कार्यान्वयन गरिनेछ।

१५. सूचना प्रविधिमा आधारित सेवा प्रवाह, डिजिटल नागरिक वडापत्र, अनलाइन अभिलेख तथा पारदर्शी प्रशासनलाई प्राथमिकता दिइनेछ।

१६. वातावरण संरक्षण, वन व्यवस्थापन, जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै कार्यक्रमसँग एकीकृत गरिनेछ।

१७. भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको समस्या समाधानका लागि सम्बन्धित निकायसँग सहकार्य गरी भूमि व्यवस्थापन कार्यलाई गति दिइनेछ।

१८. सुशासन, सामाजिक उत्तरदायित्व, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा जनसहभागितालाई संस्थागत गरिनेछ।

१९. राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउँदै आन्तरिक आय वृद्धि, कर दायराको विस्तार तथा कर संस्कृतिको विकास गरिनेछ।

२०. विकासको केन्द्रमा नागरिकलाई राख्दै 'जनताको सुझाव–सरकारको योजना' अवधारणालाई कार्यान्वयन गरिनेछ। समग्रमा मकवानपुरगढीलाई आत्मनिर्भर, समुन्नत, प्रविधिमैत्री, हरित र समावेशी गाउँपालिकाका रूपमा विकास गर्ने दीर्घकालीन प्रतिबद्धता व्यक्त गरिन्छ।

२१. संघ संस्थासंग साझेदारीमा गाउँपालिका भित्र सामाजिक विकासका कार्यहरु संचालन गरिने छ ।

२२. गाउँपालिकाभित्र संचालित उद्योग तथा निजी क्षेत्रको साझेदारीमा भौतिक पूवार्धार निर्माण कार्य संचालन गर्न पहल गरिनेछ ।

२३. गाउँपालिका स्थापना भएदेखि यस कार्यालयबाट वितरण गरिएको अनुदानहरुको विवरण तयार गरी सो को हालको अवस्था बारे विश्लेषण गरी सुधार गर्दै अगाडि बढने निती लिइनेछ ।

२४. लागू औषधी प्रयोग तथा जोखिममा रहेका व्यक्तीहरुको पहिचान गरी उनीहरुलाई गोपनीयतासहित स्वास्थ्य उपचार,परामर्श,पुर्न स्थापना र सामाजिक पुन एकिकरण सेवामा जोड दिइनेछ ।

२५. गाउँपालिका भित्र आवश्यकता अनुसार सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने व्यवस्था अगाडि बढाउने निति लिइनेछ ।

२६. अन्य क्षेत्रबाट सुविधा नपाएका २० बर्ष भन्दा बढिसेवा गरेका कर्मचारीहरुलाई सेवा बाट अवकाश हुँदा पाउदा प्रोत्साहन बापत सेवा सुविधा उपलव्ध गराउने निति लिइने छ ।

२७. कार्यालयको सिलसिलामा दुर्घटना भएमा कर्मचारीहरु आवश्यकता अनुसार सुविधा उपलव्ध गराउने निति लिइनेछ ।

ीय सभाध्यक्ष महोदय तथा उपस्थित सभाका सदस्यज्युहरु.

अव म उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि ावित आय तथा व्ययको अनुमानित विवरण पेश गर्ने अनुमती चाहान्छु ।

आयतर्फ

संघीय सरकार वित्तिय समानिकरण अनुदान १० करोड ३ लाख, प्रदेश वित्तिय समानिकरण अनुदान तर्फ ८७ लाख १४ हजार गरि जम्मा वित्तिय समानिकरण अनुदान रु १० करोड ९० लाख १४ हजार प्राप्त हुने अनुमान गरिएको छ

त्यसैगरी संघिय सरकार राजस्व वाडफाड मुल्य अभिवृद्धि कर ६ करोड ८१ लाख ५१ हजार , अन्त शुल्क राजस्व २ करोड ९२ लाख ८ हजार , खानि तथा खनिज सम्वन्धित रोयल्टी २ करोड ९० लाख, घर जग्गा रजिष्ट्रेशन शुल्क १ करोड ८० लाख, वाडफाड हुने सवारी सधन कर ३ करोड २७ लाख ३५ हजार १ सय २० रुपैया , वाडफाड भइ प्राप्त हुने वन रोयल्टी ८० लाख र ढुङगा ,गिट्टि वालुवा नदिजन्य पदार्थ(नदिजन्य पदार्थ) ४ करोड ५० लाख सहित जम्मा राजस्व वाडफाडवाट प्राप्त हुने रकम रु २२ करोड १९ लाख ९४ हजार १सय २० रुपैया को अनुमान गरिएको छ ।

त्यसै गरी आन्तरिक आय तर्फ २ करोड ८३ लाख ९५ हजार र गत वर्षको मौज्दात ६ करोड गरि जम्मा ८ करोड ८३ लाख ९५ हजार संकलन हुने अनुमान गरिएको छ ।

संघिय सरकार शर्शत अनुदान चालु तर्फ २४ करोड ०२ लाख र प्रदेश सरकारवाट शर्शत अनुदान अन्तर्गत चालु तर्फ १ करोड ५३ लाख २० हजार र पुजिगत तर्फ ४० लाख गरि जम्मा १ करोड ९३ लाख २० हजार अनुमान गरिएको छ ।

संघिय सरकारको समपुरक अनुदान ६५ लाख र प्रदेश सरकारवाट समपुरक अनुदान २ करोड गरि जम्मा २ करोड ६५ लाख को अनुमान गरिएको छ ।

त्यसै गरि संघिय विशेष अनुदान रु ७५ लाख र प्रदेश विशेष अनुदान ६५ लाख गरि जम्मा १ करोड ४० लाखको आय अनुमान गरिएको छ ।

यस प्रकार यस गाउँपालिकाको आर्थिक वर्ष ०८३/०८४ को लागि जम्मा आय तर्फ ७२ करोड ७५ लाख २३ हजार १ सय २० रुपैया अनुमानित आय पेश गरेको छु।

व्यय तर्फ

कुल वजेट ७२ करोड ७५ लाख २३ हजार १ सय २० रुपैया अनुमानित खर्चमा पुजिगत तर्फ ४३ करोड ९० लाख २३ हजार १ सय २० रुपैया (६०.३५ प्रतिशत) र चालु तर्फ २८ करोड ८५ लाख (३९.६५ प्रतिशत) गरी कुल व्यय रु ७२ करोड ७५ लाख २३ हजार१ सय २० रुपैया को अनुमानित व्यय पेश गरेको छु ।

आदरणीय सभाध्यक्ष महोदय तथा उपस्थित सभाका सदस्यज्युहरु,

न आर्थिक वर्ष २०८३/०८४ का लागि अनुमान गरिएको व्यय अनुमानवाट निति कार्यक्रम वमोजिम व्यय हुने य क्षेत्रगत वनियोजित गरेको शाराशंमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

विषय क्षेत्रगत व्यय अनुमान देहाय वमोजिम विनियोजित गरेको छु ।

- आर्थिक विकास क्षेत्र अन्तर्गत कुल व्यय **अनुमानको रु ५ करोड ४५ लाख १० हजार** विनियोजित गरेको छु सो रकम कुल व्ययको ७ दशमलव ४९ प्रतिशत हुन आउने छ ।
- पुर्वाधार विकास क्षेत्रमा कुल व्यय अनुमानको **रु २३ करोड ३० लाख** विनियोजित गरेको छु ।कुल विनियोजित रकमको ३२ दशमलव ०२ प्रतिशत हुन आउने छ ।
- संस्थागत विकास,सेवाप्रवाह र सुशासन क्षेत्र अन्तर्गत **रु १ करोड ३ लाख** विनियोजन गरेको छु जुन कुल व्ययको १ दशमलव ४१ प्रतिशत हुन आउने छ ।
- त्यसैगरी वन,वातावरण तथा विप्द व्यवस्थापनमा **रु ७० लाख ३५ हजार** वजेट विनियोजन गरेको छु । सो रकम कुल व्ययको ० दशमलव ९७ प्रतिशत रहेको छ ।
- अर्को तर्फ विषय क्षेत्रगत व्यय अन्तर्गत सामाजिक विकास क्षेत्रमा **रु ३२ करोड १ लाख ७८ हजार १ सय २० रुपैया** विनियोजित गरेको छु जुन कुल व्ययको ४४ दशमलव ०२ प्रतिशत विनियोजित गरेको छु

- कुल व्यय अनुमान मध्ये आगामि वर्षका लागि कार्यालय संचालन तथा प्रशासनिक खर्च अन्तर्गत **रु १० करोड २५ लाख** विनियोजित गरेको छु जुन कुल व्यय अनुमानको १० दशमलव ०९ प्रतिशत हुन आउछ ।

आदरणीय सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,

प्रस्ताव भएको अनुमानित आय अनुसार विषयगत खर्च शिर्षकमा विनियोजित भउको वजेटलाई कार्यक्रमगत, आयोजनागत तथा वडागत रुपमा वाँडफाँड गरी यस पछिको सभावाट क्रमश दफावार छलफलपछि मात्र स्वीकृत गरिने व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दछु ।

**आदरणिय सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,**

हामीले पर्याप्त समस्याहरूका बीचमा सम्भावना खोज्दै गरेको अवस्था हो । मुलुकले सङ्घीय शासन व्यवस्था अवलम्बन गरे पश्चात् स्थानीय तहमा सम्भावना र अवसर खोज्ने साथै मुलुकको कायाँपलट गर्ने दायीत्व हाम्रो काँधमा रहेको छ । यसका लागि हामीले योजना तर्जुमा गर्दा सेवामूलक, उत्पादनमूलक, रोजगारमूलक, वातावरणमैत्री र रीतिरिवाजको संरक्षण गर्ने खालका कार्यक्रमहरूलाई सन्तुलित ढङ्गले अगाडि बढाउन सकियो भने गाउँपालिकाको मूल नारा **"मकवानपुरगढी गाउँपालिकाको समृद्धिको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"** को दीर्घकालीन सोच साकार परिए गाउँपालिकालाई समृद्ध बनाउन सकिने कुरामा विश्वास व्यक्त गर्न चाहान्छु ।

यस गाउँपालिकालाई समृद्ध बनाई जनतालाई सुखी बनाउन सकिन्छ । यस अवसरलाई उजागर गर्दै समृद्ध गाउँपालिका बनाउन जनताले हामीलाई निर्वाचित गरी पठाउनु भएको छ । जनताको नजरमा हामीले यो अग्नि परीक्षामा उत्तीर्ण गर्नुपर्नेछ । यो सफर तय गर्ने माध्यम भनेको हामीले बनाएको नीति तथा कार्यक्रम र यसलाई सघाउने योजना निर्माण नै हुन् । तसर्थ आजको प्रस्तुत नीति तथा कार्यक्रम अनुसार आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम बने र प्रभावकारी कार्यान्वयनमा गम्भीर छलफल र सल्लाह सुझाव

प्राप्त हुने नै छ भन्ने पूर्ण विश्वास लिएको छु । आजको प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष रुपमा अहोरात्र खटिई सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री सुधन लामिछाने ज्यू तथा अन्य विषयगत शाखाका कर्मचारी साथीहरूलाई विशेष धन्यवादका साथै आजको यस कार्यक्रममा पाल्नु हुने सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरु , गाउँसभा सदस्यज्यूहरू तथा बुद्धिजीवी, समाजसेवी, पत्रकार, सुरक्षाकर्मी र देश विदेशमा रहनु भएका यस मकवानपुरगढी गाउँपालिका वासी आम दाजुभाइ, दिदीबहिनीहरू सबैमा हार्दिक कृतज्ञता र आभार प्रकट गर्दछु ।

## धन्यवाद